आज मिति २०८१ साल पुस २३ गते मंगलबारका दिन जैमिनी नगरपालिकाका नगरप्रमुख श्री नरबहादुर पुनज्यूको अध्यक्षतामा १६ औं नगर सभाको पहिलो बैठकको उपस्थितिमा देहाय बमोजिमका रहेको छ ।

## उपस्थिति

| क स | नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नर बहादुर पुन | अध्यक्ष | जैमिनी १० | |
| २ | हरिहर शर्मा | उपाध्यक्ष | जैमिनी ७ | |
| ३ | हरि बहादुर भुजेल | सचिव | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | विष्णुप्रसाद आचार्य | वडा अध्यक्ष | जैमिनी १ | |
| ५ | प्रेम सापकोटा | वडा अध्यक्ष | जैमिनी २ | |
| ६ | कृष्णवहादुर भुजेल | वडा अध्यक्ष | जैमिनी ३ | |
| ७ | चक्रवहादुर थापा | वडा अध्यक्ष | जैमिनी ४ | |
| ८ | ठग वहादुर क्षेत्री थापा | वडा अध्यक्ष | जैमिनी ५ | |
| ९ | कृष्णवहादुर थापा | वडा अध्यक्ष | जैमिनि ६ | |
| १० | केन्द्रवहादुर सुनार | वडा अध्यक्ष | जैमिनी ७ | |
| ११ | विमल श्रीस राना | वडा अध्यक्ष | जैमिनि ८ | |
| १२ | सन्दीप थापा | वडा अध्यक्ष | जैमिनि ९ | |

| क्रस | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १३ | श्रीप्रसाद थापा | वडा अध्यक्ष | जैमिनी १० | |
| १४ | चिन्तामणी दर्जी | कार्यापालिकासदस्य | जैमिनी २ | |
| १५ | लाल बहादुर परियार | कार्यापालिकासदस्य | जैमिनी ९ | |
| १६ | भरत वि. क. | कार्यापालिका सदस्य | जैमिनी ५ | |
| १७ | गिता कुमारी वि. क. | कार्यापालिका सदस्य | जैमिनी ५ | |
| १८ | भगवती शर्मा सापकोटा | कार्यापालिका सदस्य | जैमिनी २ | |
| १९ | शान्ती सुनार | कार्यापालिका सदस्य | जैमिनी ६ | |
| २० | दुर्गा देवी पाध्या | कार्यापालिका सदस्य | जैमिनी ६ | |
| २१ | शान्तकला शर्मा | कार्यापालिका सदस्य | जैमिनी ९ | |
| २२ | झपिन्द्र कुमारी हमाल मल्ल | वडा सदस्य | जैमिनी १ | |
| २३ | संगिता कुमारी नेपाली | वडा सदस्य | जैमिनी १ | |
| २४ | चित्र प्रसाद चापागाई | वडा सदस्य | जैमिनी १ | |
| २५ | ओम वहादुर के.सी. | वडा सदस्य | जैमिनी १ | |
| २६ | आनन्द प्रसाद अम्माई | वडा सदस्य | जैमिनी २ | |
| २७ | हिरा देवी गुरुङ | वडा सदस्य | जैमिनी ३ | |
| २८ | गिता वि.क. | वडा सदस्य | जैमिनी 3 | |

CamScanner

| क स | नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| २९ | दुर्गा वहादुर पुन | वडा सदस्य | जैमिनी ३ | [signature] |
| ३० | सुरेन्द्र वहादुर थापा | वडा सदस्य | जैमिनी ३ | [signature] |
| ३१ | कोपिला थापा | वडा सदस्य | जैमिनी ४ | |
| ३२ | लिल देवी हरिजन | वडा सदस्य | जैमिनी ४ | [signature] |
| ३३ | लेख वहादुर थापा | वडा सदस्य | जैमिनी ४ | |
| ३४ | खगेन्द्र थापा | वडा सदस्य | जैमिनी ४ | [signature] |
| ३५ | मिनु विश्वकर्मा | वडा सदस्य | जैमिनी ५ | [signature] |
| ३६ | लक्ष्मी देवी चापागाई शर्मा | वडा सदस्य | जैमिनी ५ | [signature] |
| ३७ | विष्णु शर्मा | वडा सदस्य | जैमिनी ५ | [signature] |
| ३८ | टंक वहादुर खत्री | वडा सदस्य | जैमिनी ६ | |
| ३९ | तुल वहादुर पुन | वडा सदस्य | जैमिनी ६ | [signature] |
| ४० | युग माया राना | वडा सदस्य | जैमिनी ७ | [signature] |
| ४१ | विमला सुनार | वडा सदस्य | जैमिनी ७ | [signature] |
| ४२ | अर्जुन शर्मा | वडा सदस्य | जैमिनी ७ | [signature] |
| ४३ | भुपेन्द्र राना | वडा सदस्य | जैमिनी ७ | [signature] |
| ४४ | डम्मर कुमारी पराजुली | वडा सदस्य | जैमिनी ८ | [signature] |
| ४५ | राधिका नेपाली | वडा सदस्य | जैमिनी ८ | [signature] |

| क स | नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| ४६ | नारायण शर्मा पौडेल | वडा सदस्य | जैमिनी ८ | |
| ४७ | जिवन पुन | वडा सदस्य | जैमिनी ८ | |
| ४८ | मिना परियार | वडा सदस्य | जैमिनी ९ | |
| ४९ | नविन थापा | वडा सदस्य | जैमिनी ९ | |
| ५० | नरजङ्ग राना | वडा सदस्य | जैमिनी ९ | |
| ५१ | सिता विक | वडा सदस्य | जैमिनी १० | |
| ५२ | सिता नेपाली | वडा सदस्य | जैमिनी १० | |
| ५३ | भरत कुमार श्रीस | वडा सदस्य | जैमिनी १० | |
| ५४ | फणिन्द्र थापा | वडा सदस्य | जैमिनी १० | |

CamScanner

ाज मिति २०८१ साल पुस २३ गते मंगलबारका दिन जैमिनी नगरपालिकाका नगरप्रमुख ा नरबहादुर पुनज्यूको अध्यक्षतामा १६ औं नगर सभाको दोस्रो बैठक देहाय बमोजिमको पस्थितिमा बसी तपसिल बमोजिमको कार्यसूचीका प्रस्तावहरुमा छलफल गरी देहाय मोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नर बहादुर पुन | अध्यक्ष | जैमिनी १० | |
| २ | हरिहर शर्मा | उपाध्यक्ष | जैमिनी ७ | |
| ३ | हरि बहादुर भुजेल | सचिव | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | विष्णुप्रसाद आचार्य | वडा अध्यक्ष | जैमिनी १ | |
| ५ | प्रेम सापकोटा | वडा अध्यक्ष | जैमिनी २ | |
| ६ | कृष्णवहादुर भुजेल | वडा अध्यक्ष | जैमिनी ३ | |
| ७ | चक्रवहादुर थापा | वडा अध्यक्ष | जैमिनी ४ | |
| ८ | ठग वहादुर क्षेत्री थापा | वडा अध्यक्ष | जैमिनी ५ | |
| ९ | कृष्णवहादुर थापा | वडा अध्यक्ष | जैमिनि ६ | |
| १० | केन्द्रवहादुर सुनार | वडा अध्यक्ष | जैमिनी ७ | |
| ११ | विमल श्रीस राना | वडा अध्यक्ष | जैमिनि ८ | |
| १२ | सन्दीप थापा | वडा अध्यक्ष | जैमिनि ९ | |

CamScanner

| क्रस | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १३ | श्रीप्रसाद थापा | वडा अध्यक्ष | जैमिनी १० | |
| १४ | चिन्तामणी दर्जी | कार्यापालिकासदस्य | जैमिनी २ | [signature] |
| १५ | लाल बहादुर परियार | कार्यापालिकासदस्य | जैमिनी ९ | [signature] |
| १६ | भरत वि. क. | कार्यापालिका सदस्य | जैमिनी ५ | |
| १७ | गिता कुमारी वि. क. | कार्यापालिका सदस्य | जैमिनी ५ | [signature] |
| १८ | भगवती शर्मा सापकोटा | कार्यापालिका सदस्य | जैमिनी २ | [signature] |
| १९ | शान्ती सुनार | कार्यापालिका सदस्य | जैमिनी ६ | [signature] |
| २० | दुर्गा देवी पाध्या | कार्यापालिका सदस्य | जैमिनी ६ | [signature] |
| २१ | शान्तकला शर्मा | कार्यापालिका सदस्य | जैमिनी ९ | [signature] |
| २२ | झपिन्द्र कुमारी हमाल मल्ल | वडा सदस्य | जैमिनी १ | [signature] |
| २३ | संगिता कुमारी नेपाली | वडा सदस्य | जैमिनी १ | [signature] |
| २४ | चित्र प्रसाद चापागाई | वडा सदस्य | जैमिनी १ | [signature] |
| २५ | ओम वहादुर के.सी. | वडा सदस्य | जैमिनी १ | [signature] |
| २६ | आनन्द प्रसाद अम्माई | वडा सदस्य | जैमिनी २ | [signature] |
| २७ | हिरा देवी गुरुङ | वडा सदस्य | जैमिनी ३ | [signature] |
| २८ | गिता वि.क. | वडा सदस्य | जैमिनी 3 | [signature] |

| क स | नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| २९ | दुर्गा वहादुर पुन | वडा सदस्य | जैमिनी ३ | |
| ३० | सुरेन्द्र वहादुर थापा | वडा सदस्य | जैमिनी ३ | |
| ३१ | कोपिला थापा | वडा सदस्य | जैमिनी ४ | |
| ३२ | लिल देवी हरिजन | वडा सदस्य | जैमिनी ४ | |
| ३३ | लेख वहादुर थापा | वडा सदस्य | जैमिनी ४ | |
| ३४ | खगेन्द्र थापा | वडा सदस्य | जैमिनी ४ | |
| ३५ | मिनु विश्वकर्मा | वडा सदस्य | जैमिनी ५ | |
| ३६ | लक्ष्मी देवी चापागाई शर्मा | वडा सदस्य | जैमिनी ५ | |
| ३७ | विष्णु शर्मा | वडा सदस्य | जैमिनी ५ | |
| ३८ | टंक वहादुर खत्री | वडा सदस्य | जैमिनी ६ | |
| ३९ | तुल वहादुर पुन | वडा सदस्य | जैमिनी ६ | |
| ४० | युग माया राना | वडा सदस्य | जैमिनी ७ | |
| ४१ | विमला सुनार | वडा सदस्य | जैमिनी ७ | |
| ४२ | अर्जुन शर्मा | वडा सदस्य | जैमिनी ७ | |
| ४३ | भुपेन्द्र राना | वडा सदस्य | जैमिनी ७ | |
| ४४ | डम्मर कुमारी पराजुली | वडा सदस्य | जैमिनी ८ | |
| ४५ | राधिका नेपाली | वडा सदस्य | जैमिनी ८ | |

| क स | नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| ४६ | नारायण शर्मा पौडेल | वडा सदस्य | जैमिनी ८ | |
| ४७ | जिवन पुन | वडा सदस्य | जैमिनी ८ | |
| ४८ | मिना परियार | वडा सदस्य | जैमिनी ९ | [signature] |
| ४९ | नविन थापा | वडा सदस्य | जैमिनी ९ | [signature] |
| ५० | नरजङग राना | वडा सदस्य | जैमिनी ९ | [signature] |
| ५१ | सिता विक | वडा सदस्य | जैमिनी १० | [signature] |
| ५२ | सिता नेपाली | वडा सदस्य | जैमिनी १० | |
| ५३ | भरत कुमार श्रीस | वडा सदस्य | जैमिनी १० | [signature] |
| ५४ | फणिन्द्र थापा | वडा सदस्य | जैमिनी १० | [signature] |

CamScanner

# प्रस्ताव र निर्णयहरु

**प्रस्ताव नं १**

**विनियोजन ऐन, २०८१ संशोधन प्रस्ताव**

**निर्णय**

आर्थिक वर्ष २०८१।०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७२,००६०८३०। (अक्षेरुपी बहत्तर करोड साठी हजार आठ सय तीस रुपैया मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ भन्ने उल्लेख भएकोमा गत आर्थिक वर्षमा २०८०।०८१मा खर्च हुन नसकि बाँकि रहेको वजेट रु. १३४९२३९४।७१ र आन्तरिक आय तर्फ रु.१००००००(दश लाख) गरि थप हुने १४४९२३९४।७१ (अक्षयरुपी एक करोड चौवालिस लाख बयान्नब्बे हजार तीन सय चौरासी रुपैया एकहत्तर पैसा) गरि जम्मा बजेट रु. ७३४५५३२२४।७१ (अक्षरुपी त्रियत्तर करोड पैतालिस लाख त्रिपन्न हजार दुई सय चौबिस रुपैया एकत्तर पैसा मात्र) कायम गरि अनुसुचि-१ मा उल्लेख भए बमोजिम चालुँ र पूजिंगत शिर्षकको सिमा भित्र रहि खर्च गर्न निर्दिष्ट हुने गरि संशोधन गर्ने निर्णय गरियो।

**अनुसुची-१**
**(सँग सम्बन्धित २ दफा)**
**नेपालको संविधानको धारा २२९ बमोजिम (२)**
**सञ्चित कोषवाट विनियोजन हुने रकम**

| क्र स | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर कार्यपालिका | रु.५०७४६९०१२।९८ अक्षयरुपी पचास करोड चौरहत्तर लाख उन्नान्सत्तरी हजार बाह्र रुपैया अन्ठान्नब्बे पैसा मात्र | रु.२२७०८४२११।७३ बाईस करोड सत्तरी लाख चौरासी हजार दुई सय एघार रुपैंया त्रिहत्तर पैसा मात्र | रु.७३४५५३२२४।७१ त्रिहत्तर करोड पैतालिस लाख त्रिपन्न हजार दुई सय चौबिस रुपैँया एकहत्तर पैसा मात्र |

नगर प्रमुख

**प्रस्ताव नं २**

**बाँकी रकम बिनियोजन सम्बन्धमा।**

**निर्णय नं २**

गत आ. व २०८०।०८१ मा खर्च हुन नसकी बाँकी रहेको रकम बाँडफाँड गर्नु बाँकी रु.१४४९२३९४।७१ (अक्षयरुपी एक करोड चौवालिस लाख बयान्नब्बे हजार तीन सय चौरासी रुपैया एकत्तर पैसा) गर्नु पर्ने भएकाले उल्लेखित रकम निम्नानुसारका पूर्जीगत र चालु शिर्षकमा विनियोजन गरि खर्च गर्ने निर्णय गरियो ।

| क्र.सं. | क्षेत्र | कार्यक्रम/आयोजना | विनियोजन सिमा |
|---|---|---|---|
| १ | आर्थिक विकास | मुख्यमन्त्री नवप्रर्वतन कार्यक्रम लागत साझेदारी ( बाँसजन्य सामाग्री उत्पादन तथा बजारिकरण परियोजना ) | २५०००००।- |
| २ | सामाजिक विकास | • कक्षा ६ का विद्यार्थिहरुलाई दिवा खाजा<br>• सिप परिक्षण कार्यक्रम लागत साझेदारी<br>• नगर तथा वडास्तर खेलकूद प्रोत्साहन पुरस्कार<br>• नगर शिक्षा योजना निर्माण<br>• अध्ययन अनुसन्धान प्रोत्साहन | • ६०००००।<br>• ६०००००।<br>• ६०००००।<br>• १५००००।<br>• १५००००। |
| ३ | पूर्वाधार विकास | • कुश्मिसेरा बाग्लुङ (सरडी, खण्ड सडक साझेदारी)<br>• वडा नं. ३ को वडा कार्यालय भवन निर्माण लागत साझेदारी<br>• डाडाँखानी स्वास्थ्य चौकी भवन निर्माण | ३००००००।–<br>६००००००।<br>३०००००। |
| | | सार्वजनिक मर्मत, निर्माण र सुधार | ६९२३९४ |
| | | जम्मा रकम रु | १४४९२३९४।७१ |

नर बहादुर पुन
नगर प्रमुख

**प्रस्ताव नं ३**

**फुटकर तर्फको बजेट विनियोजन प्रस्ताव**

**निर्णय नं ३**

साथै विभिन्न वडाहरुमा विगतमा फूटकर योजना शिर्षकमा अबन्डा रहेको बजेट वडा समितिको निर्णयानुसार पेश भई आएको फुटकर शिर्षकका योजनाको अन्तिमिकरण गरि कार्यक्रम कार्यान्वयन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | स्वीकृत योजना/कार्यक्रमको नाम | कुल बजेट | बाँडफाँड हुने योजना/कार्यक्रमको नाम | बजेट रु |
|---|---|---|---|---|---|
| १ | १ | वडागत फुटकर योजना | ३३४३४१ | सिरुवारी पोखरी खानेपानी | ५५००० |
| २ | | | | माघे संक्रान्ती मेला व्यवस्थापन | ११५५५५ |
| ३ | | | | मेलमिलाप मौलिक भेषभूषा संरक्षण | ५०००० |
| ४ | | | | कुश्मी स्वाँर बाटो मर्मत | २०००० |
| ५ | | | | चौडिल्ला खेत सिँचाई पाईप खरिद | ३५००० |
| ६ | | | | चौडिल्ला बुढाघर हुँदै पोखरी पदमार्ग | २८७८६ |
| ७ | | | | प्रधानमन्त्री रोजगार कार्यक्रम योजना साझेदारि | ३०००० |
| ८ | २ | वडागत फुटकर योजना | ३००००० | चौरासे मुल संरक्षण इन्टेक मर्मत | ५०००० |
| ९ | | | | छहरा चौरी फैंदी डहरे गोरेटोबाटो निर्माण | ६५००० |
| १० | | | | सुन्तलाचौर मा.वी. ~~रेडक्रस~~ स्काउट टुप परिचालन | २५००० |
| ११ | | | | सुन्तलाचौर खेलकुद मन्च सामाग्री व्यवस्थापन | ३५००० |
| १२ | | | | पोखराचौर खेलकुद क्लब सामाग्री व्यवस्थापन | २५००० |
| १३ | | | | डाडाबारी कोलकटे गोरेटो बाटो निर्माण | ५०००० |
| १४ | | | | दराउदी बालबिकास मर्मत संभार तथा सामाग्री व्यवस्थापन | २५००० |
| १५ | | | | आरुपाटा खोला ग्याबिन निर्माण | २५००० |
| १६ | ४ | वडागत फुटकर योजना | १००००० | उपल्लो ग्वादी खा.पा. मर्मत | १५००० |
| १७ | | | | पिपलखोला खा.पा. मर्मत | १५००० |
| १८ | | | | सिस्नेरा खा.पा. मर्मत | २५००० |
| १९ | | | | जनप्रिय आ.वि. रंगरोगन | ४५००० |

नर बहादुर पुन
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २० | ५ | वडागत फुटकर योजना | २००९८३.६४ | गहटे खोल्सा कुवा मर्मत | ७५००० |
| २१ | | | | सिँचाई तथा खानेपानी पाइप वितरण | २५००० |
| २२ | | | | कल्याधारी पदमार्ग मर्मत तथा निर्माण | २०९०० |
| २३ | | | | वडा कार्यालय बगैचा व्यवस्थापन | ५५०८३.६४ |
| २४ | | | | कटुवाल रुम्टा तेस्रो कुलो मर्मत | २५००० |
| २५ | ६ | वडागत फुटकर योजना | ३००००० | कुवाखानी हल्लनचोक खानेपानी आयोजना | ५०००० |
| २६ | | | | उपल्लोखेत सिँचाई कुलो मर्मत | ५०००० |
| २७ | | | | देउराली आमा समुह भवन शौचालय निर्माण | ५०००० |
| २८ | | | | सुम्सा फाँट सामुदायिक भवन मर्मत सम्भार | ५०००० |
| २९ | | | | ऐतिहासिक तिजे मेला व्यवस्थापन कार्यक्रम | ५०००० |
| ३० | | | | बालमैत्री स्थानीय शासन कार्यक्रम | ५०००० |
| ३१ | ७ | वडागत फुटकर योजना | ३३४५४८ | सतिढुङ्गा मा वि शौचालय मर्मच संभार | ५०००० |
| | | | | जिमिरे सिँचाई टंकी तारबार निर्माण | ४०००० |
| | | | | धुल्लु उपल्लो आरन सिँचाई टंकी निर्माण | ५०००० |
| | | | | पधेरापारी खेल मैदान तारबार तथा मर्मत | ५०००० |
| | | | | कालिका मन्दिर साझारुख शौचालय निर्माण | ५०००० |
| | | | | वोर सिरान देखी तारुबास गो. बाटो मर्मत | ४०००० |
| | | | | खेलाड प्रोत्साहन तथा खेल सामाग्री | २०००० |
| | | | | जनसक्रिय आमा समूह भवन झ्याल ढोका मर्मत | ३४५४८ |
| ३२ | ८ | वडागत फुटकर योजना | ३२०००० | जनकल्याण मा.वि. खेलकुद सहयोग कार्यक्रम | ७०००० |
| ३३ | | | | वोहोजा सपाउदे वाल विकास थिर प्रसाद निकास सम्म पैदल मार्ग | १००००० |
| ३४ | | | | बसन्त मा.वि. शौचालय निर्माण | ५०००० |
| ३५ | | | | क्षेत्रीनीको कुली मर्मत | ५०००० |
| ३६ | | | | छिस्ती खेलकूद सामाग्री तथा खेलाडी प्रोत्साहन कार्यक्रम | ५०००० |
| ३७ | १० | वडागत फुटकर योजना | ४००००० | सुशासनका लागि नागरिक तथा सञ्चारकर्मी सँग अन्तरसम्बाद कार्यक्रम | ५०००० |

नर बहादुर पुन
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३८ | | | | राङखानी मा.वि. ट्वाइलेट मर्मत सम्भार | २००००० |
| ३९ | | | | माझगाँउ देवलधारा सामुदायिक भवन सम्म पदमार्ग निर्माण योजना | १५०००० |
| ४० | | कृषि तथा पशु विकास कार्यकर्म तर्फ | ५००००० | पशु औषधी खरिद कार्यक्रम | १२०००० |
| ४१ | | | | बाख्रा पैचो कार्यक्रम | ८०००० |
| ४२ | | | | मिनी टेलर खरिद कार्यक्रम | २००००० |
| ४३ | | | | तरकारी विउ तथा कृषि सामाग्री खरिद कार्यक्रम | १००००० |

**स्ताव नं ४**

**सोधन सम्बन्धी प्रस्ताव**

**र्णय नं ४**

त नगरसभाबाट स्वीकृत भएका तर कार्यक्रमको मुल उदेश्य भन्दा फरक नाम ठेगाना र प्रयोजन पर्न गई कार्यान्वयन हुन नसकेका म्नानुसारका योजनाको संसोधन प्रस्ताव वडा समितिको निर्णय सहित वडा अध्यक्षहरुबाट सिफारिस भए अनुसार तपशिलका योजनाहरुको नाम ठेगाना र प्रयोजन अनुसार संसोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | स्वीकृत भएका योजना तथा कार्यक्रमको नाम | बजेट | शंशोधन गर्नुपर्ने नाम | बजेट रु. |
|---|---|---|---|---|---|
| १ | १ | विविध खर्च | १००००० | सिरबारी फाँट सिँचाइ टंकी निर्माण (थप गर्ने) | १००००० |
| २ | ३ | भरतपुरी मा.वि. कार्यालय तथा शैक्षिक सामाग्री व्यवस्थापन | ६१०००० | वडा नं. ३ अन्तर्गतका सामुदायिक विद्यालयहरुका लागि गुणस्तरिय शिक्षा सहयोगी शैक्षिक सामाग्री र जाली खरिद, मर्मत तथा व्यवस्थापन | ६१०००० |
| ३ | | नेपाने आमा समूह भवन प्लाष्टर र रंगरोगन | १५०००० | नेपाने आमा समूह र विश्वकर्मा एकता समाज देउरालीखानी भवन मर्मत | १५०००० |
| ४ | | वडागत भैपरी आउने कार्यक्रम | २००००० | कुश्मिसेरा कालापातल गाजादह हुँदै मध्य पहाडी लोकमार्ग जोड्ने सडक स्तरोन्नती | २००००० |
| ५ | ६ | उपल्लो कुवा लब्लिडाँडा खानेपानि ट्याङ्की निर्माण | ११५००० | उपल्लोकुवा लब्लिडाँडा खानेपानी | ११५००० |
| ६ | | मरौदी खोला देउरालीखानी हुँदै तिरतिरे खानेपानी मर्मत | ११०००० | महिला सामुदायिक भवन मर्मतसम्भार साविक ५ र ६ | ११०००० |

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ९ | ठानेपिपल छाप मोटरबाटो | १००००० | ठानेपिपल किले खौला मोटरबाटो निर्माण | १००००० |
| ८ | | सावली ठुलाचौर पर्यटकिय पुर्वाधार | २००००० | सावली ठूलाचौर सडक | २००००० |
| ९ | | धन्सारबारी मोटरबाटो | २००००० | शिर्षक नं. २०९ को बालशिक्षा कुलोमुनी जुकेन खोपकेन्द्र सडक निर्माणमा थप | २५०००० |
| १० | | जोईथुम मोटरबाटो | ५०००० | | |

**प्रस्ताव नं ५**

**रकमान्तर सम्बन्धमा।**

**निर्णय नं ५**

जैमिनी नगरपालिकाले समपुरक योजना अन्तर्गत विभिन्न योजनामा लागत साझेदारी गर्ने गरि बजेट विनियोजन गरेकोमा सोको ठेक्का बन्दोबस्त गर्दा कम कबोल अंङ्कमा ठेक्का सकार गरि बचत हुन आएको रकमबाट रु ५०००००००। ( अक्षयरुपी पचास लाख मात्र) लिड विद्यालय सर्वोदय जनक माध्यामिक विद्यालय जैमिनी ५ बिनामारेमा लायन्स क्लबले नगरपालिका समेतको २५ प्रतिशत लागत साझेदारीमा सुविधा सम्पन्न छात्रावास निर्माण गर्नेका लागि लागत साझेदारी अनुरोध भई आएकोमा उक्त रकम समपुरक योजना शिर्षकबाट कटौती गरि लिड विद्यालय स्थापनार्थ सर्वोदय जनक माध्यामिक विद्यालय छात्रावास निर्माण लागत साझेदारी शिर्षक कायम गरि खर्च गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ६**

**आर्थिक ऐन २०८१ संसोधन सम्बन्धमा।**

**निर्णय नं ६**

जैमिनी नगरपालिकाका नगर उपप्रमुखले राजश्व परामर्श समितिको निर्णयानुसार अपेक्षित संकलन हुने राजश्व १२६०००००। भएकोमा राजश्वका क्षेत्रहरु विस्तार गरि थप १००००००। अक्षयरुपी दश लाख संकलन गर्ने गरि अपेक्षित
कुल राजश्व १३६०००००। आर्थिक ऐनको राजश्व सम्बन्धी अनुसूचि २ संसोधन गर्ने प्रस्ताव पेश गर्दछु ।

अनुसूची (२)

आ.व. २०८१।०८२ को आन्तरिक राजश्व आय अनुमान (शिर्षकगत रुपमा)

| सि.नं. | राजश्व शिर्षक | रकम रु. |
|---|---|---|
| १ | घर वहाल कर | ५००००० |
| २ | सूची दर्ता | २००००० |
| ३ | संस्था नविकरण | ५०००० |
| ४ | सवारी साधन बहाल कर | २५००० |
| ५ | सहकारी दर्ता | ५००० |

नर बहादुर पुन
नगर प्रमुख

| | | |
|---|---|---|
| ६ | टेन्डर खरिद | ६०००० |
| ७ | बहाल कर | २४५०००० |
| ८ | भाडा | ३००००० |
| ९ | जेसीबी परिचालन (नगर) | १९५०००० |
| १० | नक्सापास तथा घर कायम | १५०००० |
| ११ | सिफारिस दस्तुर | ३२००००० |
| १२ | भुमी तथा मालपोत कर | ९००००० |
| १३ | व्यवसाय दर्ता/नविकरण | १२००००० |
| १४ | व्यक्तीगत घटना दर्ता | ५००००० |
| १५ | परिक्षा दस्तुर | ५०००० |
| १६ | नदिजन्य पदार्थ संकलन तथा बिक्री | १००००० |
| १७ | रोयल्टी | २०५००० |
| १८ | कन्सुलर प्रमाणित | १३०००० |
| १९ | विविध | ४२०००० |
| २० | कवाडी संकलन कर | ८०००० |
| २१ | सूचना तथा विज्ञापन कर | १००००० |
| २२ | मनोरञ्जन कर | २५००० |
| २३ | बहाल बिटौरी कर | ८५०००० |
| २४ | बेरुजु | १५०००० |
| | **जम्मा** | **१३६०००००** |

नगर कार्यपालिकाको कार्यालय, ...नी नगरपालिका, ...बेनी, बागलुङ, २०७३

नर बहादुर पुन
नगर प्रमुख

**प्रस्ताव नं ७**

**अनियमित बेरुजु फच्छौट सम्बन्धमा।**

**निर्णय नं ७**

उपरोक्त विषयमा छलफल गर्दा आ.व. २०७४/०७५ देखि २०७९/०८० सम्मको महालेखा परिक्षकबाट औल्याईएको तपशिल बमोजिमको नियमित गर्नु पुर्ने रु.४,९७,३३,५२५।- (अक्षरुपी चार करोड सन्तानब्बे लाख तेत्तिस हजार पाँच सय पच्चिस रुपैया मात्र) बेरुजुले पालिकाको आवश्यकता र औचित्य समेत बिचार गर्दा यसले पालिकाकै कुनै हानीनोक्सानी पुगेको नदेखिएकोले बेरुजु फच्छौट गरि लगत कट्टाका लागि महालेखा परिक्षक समक्ष पेश गर्ने निर्णय गरियो।

नियमति गर्नुपर्ने बेरुजुको विवरण र फछ्यौट हुनु पर्ने कारण

| सि न | आ. ब. | बेरुजु दफा नं. | बेरुजुको विवरण | रकम | बेरुजु फछ्यौट हुनुपर्ने कारण |
|---|---|---|---|---|---|
| १ | ०७४/०७५ | २२ | वितरणमूखी खर्चः पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ। ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, बिरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी अवस्था समेत देखिदैन। नमुना छनौटको आधारमा परीक्षण गर्दा जैमिनीनगरपालिकाले लक्षित समूहको बजेटबाट विभिन्न वितरणमूखी योजना कार्यान्वयन गरी रु. २२,८३,५००।- खर्च गरेको र वितरण गरेका विभिन्न सामग्रीहरु सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कार्यविधिको परिपालना भएको देखिएन। पूँजीगत बजेटबाट वितरणमूखी कार्यमा खर्च गरेको नियमित देखिदैन। | २२,८३,५००।- | स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ नगरपालिकाको काम कर्तव्य र अधिकार भित्र आधारभुत स्वास्थ्य तथा सरसफाइ, कृषि तथा पशुपालन, कृषि उत्पादनम व्यवस्थापन, जेष्ठ नागरिक, अशक्त, अपाङ्गहरुको व्यवस्थापन, खानेपानी, विपद् व्यवस्थापन, खेलकुद, स्वास्थ्य जस्ता अति आवश्यकिय आवश्यकताहर पुरा गर्नुपर्ने दायित्व स्थानीय सरकारलाई तोकिएको सन्दर्भमा कार्यपालिका र नगरसभाको निर्णयानुसार गरिएका यस प्रकारका खर्चहरु अनुत्पादक र वितरणमुखी नभई वास्तविकता आवश्यकता पुरा गर्न गरिएको हुदाँ नियमिति गर्नुपर्ने। |
| २ | ०७४/०७५ | ३० | **पूँजीगतबाट चालु प्रकृतिको खर्चः** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ। नगरपालिकाको कार्यालयले यो वर्ष | २७,१८,२६९।- | आ ब २०७४।०७५ को बार्षिक बजेटमा पुजीगत बजेट बिनियोजन भएको र यस नगरपालिकाको |

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

नर बहादुर पुन
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सभाबाट पारित गरी रु. २७,१८,२६९ (चालु खर्च पूँजीगतबजेटमा समावेश गरीबजेट खर्च लेखेको छ। चालु प्रकृतिका खर्च चालु बजेटशीर्षकमा समावेश गरीबजेट खर्च लेख्नु पर्दछ। पूँजीगत शीर्षकबाट चालु प्रकृतिका खर्च गरेको नियम सम्मत देखिएन। | | आन्तरिक आय न्युन भएको कारण समानीकरण शिर्षकवाट बजेट विनियोजन भएको र समानिकरण अनुदानको रकम चालु शिर्षकमा विनियोजन गर्न नसकिने हुँदा बार्षिक बजेटमा पुँजीगत शिर्षकमा समावेश भएकोले स्वीकृत बार्षिक बजेटको सिमा भित्र रही खर्च गरिएको नियमित गर्नुपर्ने। |
| ३ | ०७४/०७५ | ३८ | **सम्झौता भन्दा बढी भुक्तानी:** उपभोक्तासंग भएको सम्झौता बमोजिम भुक्तानी गर्नुपर्दछ । कार्यालयले निम्नानुसारका योजनाको उपभोक्तासंग भएको सम्झौता रकम भन्दा बढी भुक्तानी गरेको देखियो। नगरसभाको मिति २०७५।१।३ र नगर कार्यपालिकाको मिति २०७५।१।५ गतेको निर्णयानुसार थप योजना कार्यान्वयन गर्न बजेट थप गरी उपभोक्ता समितिबाट थप मुल्याङ्कन पेश भए बमोजिम पुरानै सम्झौताका आधारमा थप कामको भुक्तानी दिएको कार्यालयले जनाएको छ। थप कार्यको नयाँ सम्झौता गरी कार्य गर्नुपर्नेमा पुरानै सम्झौता बमोजिम थप रकमको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गरी रकम भुक्तानी दिएको छ। सम्झौता भन्दा बढी भुक्तानी गरेको रकम रु. ५,१२,५०० नियमित देखिदैन। | ५,१२,५००।- | थप रकमको संझौता गरी कार्य सम्पन्न भई भुक्तानी गरिको छ। म ले प को समयमा थप संझौता रुजु गर्न छुट भएको र दुवै संझौता लागत अनुमान अनुसार प्राविधिक मुल्याङ्कन गरी कार्य सम्पन्न भई भुक्तानी भएकोले नियमिति गर्नुपर्ने देखिन्छ। |
| ४ | ०७४/०७५ | ४४ | **सवारी साधन खरिद:** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। यस नगरपालिकाले यो वर्ष रु ३६,६५,०००।– को हलुका सवारी महिन्द्रा स्कार्पियो डबल भ्यान पिकअप किनेको पाईयो। यसरी निर्देशिकाको पालना नगरी गरेको सवारी साधन खरिद अनियमित देखिन्छ। | ३६,६५,०००।- | जैमिनी नगरपालिका नयाँ घोषणा भई स्थापना भएको नगरपालिका भएकोले नेपाल सरकारवाट उपलब्ध गराउने स्रोत बाहेक अन्य स्रोतबाट बजेट उपलब्ध हुने अवस्था नभएकोले कार्यालयको अति आवश्यक कार्यको लागी सवारी साधन खरिद गरिएको र उक्त सवारी |

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

बहादुर पुन
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | साधन खरिद बार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको सिमा भित्र रही खरिद गरिएकोले नियमिति हुनुपर्ने। |
| ५ | ०७५/०७६ | ३२ | **सोझै खरीदः** सार्बजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ। यसै गरी सार्बजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा एकै पटक वा पटक पटक गरी रु. ५ लाख भन्दा बढीको सोझै खरीद गर्न नहुने तथा एकै सस्थवाट एकपटक भन्दा बढी पनि सोझै खरीद गर्न नहुने व्यवस्था छ । तसर्थ कार्यपालिकाले वार्षिक खरीद योजना वेगर पटक पटक सोझै खरीद गरेको, एकै आपूर्तकबाट वार्षिक ५ लाख भन्दा बढी खरीद गरेको तथा एकै आपूर्तकबाट एक पटक भन्दा वढी सोझै खरीद गरी ऐन, नियममा भएका ३ वटै व्यवस्था पालना नगरेकोले निम्नासुसारका खरिदमा खर्च गरेको निम्नानुसारको रकम अनियमित देखिएको रु. | ५०,९३,६६५।- | विषयगत क्षेत्र अनुसार बजेट बिनियोजन भएको र बिषयगत शाखाले खर्चको अख्तियारी लिई खरिद गरेको हुँदा नगरसभावाट स्वीकृत बजेटको सिमा भित्र रही खरिद गरिएको देखिदा र सार्वजनिक खरिद ऐनको दफा ८५ बमोजिम खरिद गरिएको देखिदा नियमित गर्नुपर्ने। |
| ६ | ०७५/०७६ | ४५ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमःक समपुरक कोषः नगरपालिका र विभिन्न खानेपानी उपभोक्ता समिति विच खानेपानी तथा सरसफाईआयोजनाको निर्माण कार्य गर्दा नेपाल सरकार र फिनल्याण्ड सरकारको स्रोतवाट ३१।३१ प्रतिशत, नगरपालिकाको १० प्रतिशत समपुरककोष र उपभोक्ता समितिले २८ प्रतिशत श्रमदान व्यहोर्नु पर्ने गरी खानेपानी आयोजना निर्माण कार्यका लागी नगरपालिका र खानेपानी उपभोक्ता समिति विच सम्झौता भएकोमा नगरपालिकाले रनिङ्ग विल तथा अन्तिम विल भुक्तानी गर्दा न.पा.को समपुरक कोष बाट व्यहोर्नूपर्ने समेत नेपाल सरकार र फिनल्याण्ड सरकारको स्रोतबाट व्यहोरेको पाइयो । यसरी न.पा.को समपुरक कोषबाट व्यहोर्नु पर्ने रु.१२,१४,४०५। रकम संघीय वजेटबाट खर्च लेखेको अनियमित भएको रु | १२,१४,४०५।- | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमहरु साविक जिल्ला विकास समितिमा बनेको Wash Plan अनुसार निर्णय भई कार्यान्वय चरणमा यस पालिकामा प्राप्त हुदाँ नगरपालिकालाई नियमिति बजेट तर्जुमा गर्ने समय नमिलेको नयाँ पालिका भएको कारण बजेट व्यवस्थापनमा समेत समस्या रहेको र भएको खर्च यर्थार्थ भएको काममा उपभोक्ता समितिलाई भुक्तानी भई |

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनीघाट, बागलुङ २०७३

नर बहादुर पुन
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दुरुपयोग नभएको देखिदा नियमिति गर्नुपर्ने । |
| ७ | ०७६/०७७ | २६ | **योजना अनुगमन:** जैमिनी नगरपालिका कार्यालयबाट संचालित सबै योजना र कार्यक्रमहरुको नियमानुसार प्रकृया पुरा गरी अन्तिम भुक्तानी र फरफारक गर्नु अगाडि जाँचपास र फरफारक गर्न ७ सदस्यीय उपसमिति गठन भएको साथै विशेष र आमन्त्रित<br>सदस्यको रुपमा नगरप्रमुख र अन्य कर्मचारी आमन्त्रित गर्न सकिने व्यवस्था छ । कार्यालयबाट संचालित विभिन्न योजनाहरुको अनुगमन गरेवापत तोकिएका सदस्यभन्दा बाहिरका व्यक्तिले अनुगमन गरेको उल्लेख गरी खर्च गरिएको छ । पुंजी सृजना नहुने खालका वितरणमुखी तथा उपयोगिता नदिने खर्च गरिएको छ । यसरी जाँचपास र फरफारक उपसमितिमा तोकिएका भन्दा अन्य व्यक्तिलाई अनुगमन भत्ता उपलब्ध गराउनु र पुंजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पुँजीगत शीर्षकबाट खर्च गरिनु नियम सम्मत नदेखिएको रु. बेरुजु रकम<br>६१२००.०० | ६१२००.००।- | तत्कालिन समयमा अनुगमन तथा सुपरीवेक्षण कार्यविधि तयार नभएको जनप्रतिनिधि तथा सम्बन्धित कर्मचारीहरुले आवश्कताको आधारमा योजनाहरुको अनुगमन गरी नगर उप प्रमुखको संयोजकत्वमा गठिग जाँच पास तथा फरफारक समितिवाट अनुमोदन गराइ योजनाको जाँचपास तथा फरफारक हुने गरेको अवस्थावाट हाल अनुगमन तथा सुपरिवेक्षण समिति क्रियाशिल रहेको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि लागु भइ कार्यान्वयनमा आइसकेको र सोही अनुरुप उक्त समितिवाट प्राप्त प्रतिवेदनका आधारमा जाँचपास तथा फरफारक गर्ने गरिएको हुँदा साविकामा गरिएको व्यवस्था अनुसार गरिएको खर्च रकम बुरुजु औल्याइएकोमा नियमित हुनुपर्ने । |
| ८ | ०७६/०७७ | ४४ | **औषधि खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिंय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस नगरपालिकाले उक्त प्रक्रिया बेगर रु.२९,५४,८१५।०० का औषधि तथा | २९,५४,८१५।- | विस लाख सम्मको औषधी जन्य मालसामाग्री औषधी उत्पादकले राष्ट्रिय स्तरकै समचार पत्रमा सुचना प्रकाशन गरी तोकेको विक्रि मुल्यमा सोझै खरीद गर्न सकिने व्यवस्था रहे पनि |

नर बहादुर पुन
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | औषधिजन्य सामाग्री पटक पटक एउटै फर्म बाट सोझै खरिद गरेको देखिएकोले उक्त नियमावली विपरीत गरेको खरिद कार्य अनियमित देखिएको रु. | | एउटै औषधी उत्पादक कम्पनीवाट प्रकासित सूचना अनुसारका औषधीहरुले मात्र नेपाल सरकारले निशुल्क वितरणको लागी तोकिएको औषधीजन्य र सर्जिकल सामाग्री उपलब्ध हुन नसकेको केही औषधीको म्याद गुर्जने समय १ वर्ष भन्दा कम हुने भएको, औषधी जन्य सर्जिकल सामाग्रीको लागी बजेट फरक फरक शिर्षकमा व्यवस्था हुनकारण खरिद ऐन, २०६३ को परिच्छेद १ को दफा २ ढ अनुसार कोभिड जस्ता माहामारी फेलिनु र एकै पटक औषधी खरिद गर्दा औषधी खपतको आधारमा माग र आपुर्तीको सन्तुलन नहुने हुदा पटक पटक खरिद गर्नुपर्ने अवस्था सिर्जना भएकोले नियमित हुनुपर्ने। |
| ९ | ०७६/०७७ | ५१.१.२ | **साझेदारी कार्यक्रम** अनुसार स्थानीय कोषबाट ५०% व्यहोर्ने गरी कार्यक्रम रहेकोमा भुक्तानीमा पनि सोही अनुपातमा खर्च रकम रु. १,३८,७९,६३३।०० को ५०% ले हुने रु.६९,३९,८१६।५० का दरले खर्च लेख्नुपर्नेमा स्थानीय पूर्वाधार विकासतर्फको रु.१,००,००,०००।०० नै खर्च लेखेको पाइयो । पूर्वाधारतर्फ बढी खर्च लेखिएको रु.३०,६०,१८३।०० नियमसम्मत नदेखिएको रु. | ३०,६०,१८३।- | नगरपालिकाको आन्तरिक आय रकम कम भएकोले पुर्वाधार तर्फ वढी रकम खर्च लेखिएको तर बजेट सिमा भित्र रही खर्च लेख्दा उत्पादनमुलक काममा र हानी नोक्सानी नपुराएकाले नियमित हुनुपर्ने। |

नगर कार्यपालिकाको कार्यालय जैमिनी नगरपालिका कुश्मीशेरा, बागलुङ २०७३

नर बहादुर पुन
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १० | ०७७/०७८ | ३४ | **आयुर्वेदिक औषधि खरिद:** आयुर्वेदिक औषधि खरिद: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने उल्लेख छ। साथै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोझैखरिद गर्न नहुने उल्लेख भएकोमा पालिकाले एउटै फर्म सुशान्त आयुर्वेदिक औषधालयवाट विभिन्न मितिमा औषधि खरिद गरेको पाईयो। कार्यालयले खरिद नियमावलीमा भएको व्यवस्था विपरीत खरिद गरेकोले उक्त रकम नियमसंगत नदेखिएको रु.८०००००। | ८,००,०००।- | सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद १ दफा ढ अनुसार कोभिडको महामारी, देशव्यापी लकडाउन जस्ता विशेष परिस्थितिका कारणले आयुर्वेदिक औषधि खरिद गरेकोले नियमित हुनुपर्ने। |
| ११ | ०७८/०७९ | ३२ | कर्मचारी कल्याण कोष: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई<br>आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। गत वर्षको जिम्मेवारी २५६२८०४।६० र यस वर्ष थप भएको रु.१००००००।– समेत रु.३५६२८०४।६० मध्ये एक निवृत्त कर्मचारीलाई स्वीकृत टिप्पणीको आधारमा संचित विदा र औषधी उपचारको रकम रु. १३६३६८४।- भुक्तानी गरेको छ। पालिकाले यो वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा कार्यविधि वेगर रु. १००००००।- ट्रान्सफर गरेको नियमित नदेखिएको रु | १०,००,०००।- | कर्मचारी कल्याण कोषको कार्यविधि २०८० निर्माण भई लागु भै कार्यान्वयनमा आएकोले उक्त दफामा रहेको वेरुजु नियमित हुनुपर्ने। |
| १२ | ०७८/०७९ | ३६ | **परामर्श खर्च:** पालिकाले गरेको सबै प्रकारका खर्च उपलब्धीमूलक हुनुपर्दछ। कालिगण्डकी नदीबाट दिगो र वातावरणमैत्री रुपले ढुंगा, गिटी, वालुवा झिक्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्न २०७८।४।२९ मा निर्णय गरी रु.४९९६४९।२८ को लागत अनुमान तयार गरेको देखिन्छ । पालिकाले विभिन्न ३ सेवा प्रदायकसंग आर्थिक प्रस्ताव पेश गर्न लगाई सबैभन्दा घटी आर्थिक प्रस्ताव पेश गर्ने बारबरा इन्जिनियदिन कन्सल्टेन्सी प्रा.लि.संग रु.४९७७६५।-को २०७८।६।१० मा सम्झौता गरी भुक्तानी गरेको छ। धार्मिक, ऐतिहासिक तथा पर्यावरणीय महत्वका कारण सर्वोच्च अदालतमा परेको रिट निवेदनको | ४९७७६५।- | सर्वोच्च अदालतको आन्तरिम आदेश भएको तर पुर्ण फैसला हुने अवधि यकिन नभएकोले सोही आ.व.मा अन्तिम टुङ्गो लाग्न सक्ने अनुमानका कारण IEE गरी तयारी ठेक्का लगाउने अवस्थामा रहेकाले नियमित हुनुपर्ने। |

नर बहादुर पुन
नगर प्रमुख

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुस्मीशेरा, बागलुङ २०७२

Shagun